## सूचना ३

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) तथा बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी शाही नेपाल वायुसेवा निगमले लिज पर्चेज अन्तर्गत खरीद गरेको तपसीलका सामानहरूमा लाग्ने भन्सार महशूल तथा बिक्रीकर पूर्ण रूपले छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

| तपसील | मूल्य (यू.एस.डलर) |
|---|---|
| १. बोईङ – ७५७ विमान | ४९९४००००।– |
| २. स्पेयर इञ्जिन | ५०८४२००।– |
| ३. बोईङ – ७५७ स्पेयर पार्टस् | १९६००००।– |
| ४. ग्राउण्ड सपोर्ट इक्विपमेन्ट | ७६८०००।– |
| ५. बोईङ – ७५७ टुल्स | ५५०००।– |
| | ५७८०७२००।– |

## सूचना ४

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) तथा बिक्री कर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी जनसंख्या क्रियाकलाप सम्बन्धी राष्ट्रसंघीय कोष (UNFPA) बाट नेपाल परिवार नियोजन तथा मातृ-शिशु कल्याण योजनाको लागि सहयोगस्वरूप प्राप्त हुने अमेरिकी डलर १,५५,४०३।१५ मूल्य बराबरका औषधि तथा औजारको पैठारीमा लाग्ने भन्सार महशूल तथा बिक्री कर पूर्ण रूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

## सूचना ५

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी तानसेन पाल्पा स्थित मिशन अस्पतालको लागि डा. फैल्सम्यानले उपहारस्वरूप दिनुभएको यू. एस. डलर ६,०९२।– मूल्य बराबरको अस्पतालसम्बन्धी औजार र औषधिहरूको आयातमा लाग्ने भन्सार महशूल र बिक्रीकर पूर्ण रूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
ईश्वरकुमार श्रेष्ठ
उपसचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।